# लोमन्थाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लोमन्थाङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल


पत्र सङ्ख्या : २०७९/०८०
चलानी नं. :

## स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ बमोजिम तहबृद्धि गर्ने सम्बन्धी सूचना।

सूचना प्रकाशन मिति २०८०।०३।२२

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहबृद्धिको व्यवस्था बमोजिम तपशिलका उल्लेखित सर्तहरु पुरा भएका लोमन्थाङ गाउँपालिकाका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले यस कार्यालयको वेवसाइट (www.lomanthangmun.gov.np) मा राखिएको तहबृद्धिको आवेदन फारम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फारममा उल्लेखित विवरण खुलाइ चार प्रति तयार गरी सम्बन्धित शाखा प्रमुखबाट प्रमाणित गराई मिति २०८० असार मसान्तसम्ममा कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण गरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तहबृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**१. स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा**

क) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहबृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।

ख) अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहबृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदमा पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन कम्तिमा पन्चानब्बे औषत अंक प्राप्त गरेको हुनुपर्नेछ।

ग) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहबृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

**२. स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा ३ बमोजिम ( स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा, शर्त र अवधि पूरा भएको हुनुपर्नेछ।

ख) स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तरबृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने।

ग) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सूचीमा नपरेको हुनपर्नेछ।

घ) स्वास्थ्य सेवा नियमावली, २०५५ को अनसूची ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र (साथै अति दुर्गम वा दुर्गम



०८०।३।२२

# लोमन्थाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लोमन्थाङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०७९/०८०

चलानी नं. :

भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाज़िरी एवं अवधि खुल्ने कागजातहरु :- कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिर भएको जानकारीको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ)

ङ ) साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्र।

च) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहबृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

**३. स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरण :**

क) आवेदन फारमको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

ख) सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।

ग) तहबृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपी।

घ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम लोमन्थाङ गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि।

ङ ) अद्यावधिक कर्मचारीको विवरण [PIS]

बुद्धिराम उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत

लोमन्थाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मुस्ताङ गण्डकी प्रदेश, नेपाल २०७३

बुद्धिराम उपाध्याय प्रमुख प्रशासकीय अधिकृत

कार्यालयको फोन नं. ९८५७६३०३३०

Email: lomanthanggaupalika@gmail.com

website: www.lomanthangmun.gov.np